# बेनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.सं.: २०८१।०८२
च.नं.:

## कवाडी कर तथा विज्ञापन करको सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८२/०३/१२*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आ.व. २०८२।८३ का लागि यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने कवाडी कर तथा विज्ञापन कर उठाउन स्थानीय राजस्व परामर्श समितिको सिफारिस तथा नगरसभाको निर्णय बमोजिम तोकिएको दररेट अनुसार ठेक्का बन्दोबस्त भएकोले इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी, व्यक्तिले निम्न शर्तको अधिनमा रही रित पूर्वक सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन आव्हान गरिन्छ।

१) यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन (मिति २०८२/०३/२६ गते) सम्म कार्यालय समयभित्र अद्यावधिक/नवीकरण गरेको इजाजत पत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र र आ.व. २०८०।८१ सम्मको करचुक्ता प्रमाणपत्र सहित रु १,०००।(एक हजार रुपैया मात्र) दस्तुर तिरेको सक्कलै नगदी रसिद पेस गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ।

२) दरभाउपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन(२०८२।०३।२७) को १२ बजेसम्म यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरी सक्नुपर्नेछ। यसरी दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिन (१६ औं दिन) को २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३) दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

४) दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेखुपर्नेछ। अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

५) दरभाउपत्रमा न्यूनतम अङ्क भन्दा माथी सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्र स्वीकृत गरिनेछ।

६) दरभाउपत्रदाताले आफूले पेस गरेको कबोल अङ्क मूल्य अभिवृद्धि कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ। यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेकको मानिनेछ।

७) दरभाउपत्रसाथ आफूले कबोल गरेको अङ्कको ५ प्रतिशतले हुने जमानत बापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको खाता नं ०६३०३००००००३०००००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिनसम्म मान्य अवधि भएको ग्यारेन्टी पेस गर्नुपर्नेछ।

८) रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही गरिनेछैन।

९) दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र पेस गर्दा प्रत्येक दरभाउपत्र नं अनुसारको फरक फरक पेस गर्नुपर्नेछ। दरभाउपत्र स्वीकृत गर्दा समेत छुट्टाछुट्टै स्वीकृत गरिनेछ।

१०) यस सूचनामा उल्लेखित कुराहरु बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा बेनी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ बमोजिम हुनेछ।

११) सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र यस नगरपालिकामा सम्पर्क राख्न सकिनेछ। (सम्पर्क मोबाइल नं.: ९८५७०४७१११, ९८४७६२१६९२)

| सि.नं. | दरभाउपत्र नं. | कामको विवरण | न्यूनतम अंक (मू.अ.क. बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | ३/२०८१।०८२ | डम्पिङ्ग साइट बाहेकको कबाडी कर (पुन: प्रयोग तथा पुन: प्रशोधन हुने सामानहरु बेनी नगरपालिकाबाट बाहिर निकासी हुँदा) | रु १०,००,०००।०० (अक्षरुपी दश लाख रुपैयाँ मात्र) | एक हजार रुपैयाँ |
| २ | ४/२०८१।०८२ | विज्ञापन कर (बेनी नगरपालिकाभित्र) | रु २,५०,०००।०० (अक्षरुपी दुई लाख पचास हजार रुपैयाँ मात्र) | एक हजार रुपैयाँ |

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत